नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोन नं. ०१४२६५९०८

बबरमहल,
काठमाडौं, नेपाल।

मिति:२०८०/०७/२४

## सूचना !

नेपालीहरुको महान चाड शुभ दिपावली, नेपाल संवत ११४४ तथा छठ पर्वको उपलक्ष्यमा नेपाली दिदी बहिनी तथा दाजु भाइमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

ऐतिहासिक महत्व बोकेका सांस्कृतिक गौरवका यी चाडपर्वहरु सामाजिक सद्भाव र भाईचारा कायम गर्दै न्यायपूर्ण समाज निर्माण गर्न प्रेरक रहेका छन्। चाडपर्वहरुको यस अवसरमा शान्ति सुरक्षामा असर पर्ने गरी सार्वजनिक स्थानमा होहल्ला एवम् झैझगडा गर्ने, मादक पदार्थको सेवन गरी पारिवारिक एवम् सामाजिक जनजीवन तथा सार्वजनिक मर्यादा र शान्ति खलल गर्ने, कानून विपरीत जुवातास, लङ्गुरबुर्जा खेल्ने खेलाउने, भुइँचम्पा, पटका, आतसबाजी जस्ता विपद् जोखिम निम्त्याउने विस्फोटक एवम् प्रज्वलनशील पदार्थको प्रयोग, ओसार पसार, बिक्री वितरण गर्ने जस्ता कार्य नगर्न नगराउन अनुरोध छ।

साथै आफ्नो अधिकारको उपयोग गर्दा अरुको अधिकार हनन् नहुने गरी देउसी भैलो लगायतका सांस्कृतिक कार्यक्रमहरु मर्यादित, अनुशासित एवम् व्यवस्थित ढङ्गले सञ्चालन गर्न गराउनुहुन अनुरोध छ।

२०८०।७।२४
(रविन्द्र प्रसाद आचार्य)
सहायक प्रमुख जिल्ला अधिकारी/
सुचना अधिकारी एवम् प्रवक्ता